नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# २०८१/०८२ अङ्क-१ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-८३ (पूर्णाङ्क २८९)

## IEMIS अद्यावधिक भएका विद्यालयहरूको विवरणबारे ।

**श्री स्थानीय तह**
**सबै ।**

सबै विद्यालयहरूलाई शैक्षिक सत्र २०८१ को विवरण, एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System–IEMIS) मा २०८१ असार १५ गतेभित्र अद्यावधिक गर्न अनुरोध गरिएकोमा हालसम्म शैक्षिक सत्र २०८१ को विवरण अद्यावधिक गर्ने विद्यालयहरूको सूची यसै सूचना (www.cehrd.gov.np) मार्फत सार्वजनिक गरिएको छ। हालसम्म विवरण अद्यावधिक नगर्ने, अद्यावधिक गरे पनि पूर्ण विवरण अद्यावधिक नगर्ने र IEMIS Code लिई अद्यावधिक गर्न छुट भएका विद्यालयहरूलाई मिति २०८१ साउन ७ गतेभित्र अद्यावधिक गर्न लगाउनुहुन र सो मितिभित्र विवरण अद्यावधिक नगर्ने विद्यालयहरूको सूची IEMIS बाट हटाउन सकिने व्यहोरा समेत सूचित गरिदिनुहुन अनुरोध छ।

पूर्व निर्धारित समयभित्र विवरण अद्यावधिक गर्दा केही समस्याहरू आएको भनी विद्यालय एवं स्थानीय तहबाट जानकारी प्राप्त भएको सन्दर्भमा देहाय अनुसार गर्नु/गराउनुहुन निर्देशानुसार अनुरोध छ।

१. एउटा विद्यालयबाट अर्को विद्यालयमा स्थानान्तरण भएका विद्यार्थीहरूलाई सम्बन्धित विद्यालयले IEMIS मार्फत विद्यार्थी स्थानान्तरण (Transfer) गर्नुपर्नेमा कतिपय विद्यालयहरूले सो नगरेको गुनासो प्राप्त भएकाले Transfer गर्न बाँकी विद्यालयहरूले २०८१ आषाढ मसान्तभित्र अनिवार्य रूपमा Transfer गरिसक्ने। सो समयावधिसम्म पनि विद्यार्थी स्थानान्तरण नगर्ने विद्यालयहरूलाई स्थानीय तहबाट कारबाही गरी हाल विद्यार्थी भर्ना भएको विद्यालयबाट विवरण लिई स्थानीयले नै स्थानान्तरण गरिदिनुहुन।
२. वैकल्पिक शिक्षा प्रणालीबाट भर्ना हुन आएका, बीचमा विद्यालय छोडी भर्ना हुन आएका, विगत वर्षमा IEMIS मा विवरण अभिलेखित (Record) नभएका, खुला र अनौपचारिक प्रौढ विद्यालयमा भर्ना हुन आएका विद्यार्थी, विदेशी नागरिकका बालबालिका, अर्को विद्यालयबाट एक कक्षाभन्दा माथिल्लो कक्षामा भर्ना हुन आएका विद्यार्थीहरूको विवरण विद्यालयबाट लिई IEMIS को Student Record Button (Student Information) मा रहेको Add मा गई सम्बन्धित कक्षामा विद्यार्थी Add गर्ने कार्यमा सहजीकरण गरिदिनुहुन।
३. कक्षा ८ को नतिजा प्रविष्टि गर्न बाँकी भए सो अनिवार्य रूपमा प्रविष्टि गर्न लगाउनुहुन।
४. शिक्षक, कर्मचारी, भौतिक पक्ष लगायतका विषयमा विवरण अद्यावधिक गर्न बाँकी भए सो समेत अद्यावधिक गर्न लगाउनहुन।

## लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले वार्षिक रूपमा प्रकाशन गर्ने शैक्षिक स्मारिका वर्ष ७ पूर्णाङ्क ११ का लागि तपसिलमा उल्लिखित विषयक्षेत्र तथा ढाँचामा कम्तीमा २५०० देखि ३००० शब्द सम्मको अनुसन्धान वा तथ्यमा आधारित वा विचारमूलक लेख/रचनाहरू २०८१ साल श्रावण मसान्तभित्र यस केन्द्रको पाठ्यक्रम तथा सामग्री शाखाको इमेल cehrdcu21@gmail.com मा विद्युतीय प्रति उपलब्ध गराइदिनुहुन इच्छुक सबैमा अनुरोध गरिन्छ।

१. **विषय क्षेत्रहरू**
- शिक्षक शिक्षा
- दूर शिक्षा
- अनौपचारिक शिक्षा
- शैक्षिक योजना व्यवस्थापन र अनुगमन

२. **लेख/रचनाको सामान्य ढाँचा**

**(क) विचारमूलक लेख/रचनाको ढाँचा**
- शीर्षक (Title)
- लेखसार (Abstract)
- मुख्य शब्दावली (शब्दकुञ्जी)
- पृष्ठभूमि (Background)
- विश्लेषणात्मक प्रस्तुति (Analysis)
- निष्कर्ष (Conclusion)
- सन्दर्भ सामग्री (Reference)

**(ख) अनुसन्धानमूलक वा तथ्यमूलक लेख/रचनाको ढाँचा**
- शीर्षक (Title)
- लेखसार (Abstract )
- मुख्य शब्दाबली (शब्दकुञ्जी)
- पृष्ठभूमि (Background)
- अध्ययनको उद्देश्य (Objectives of the Study/ Research)
- सम्बन्धित साहित्यको पुनरावलोकन (Literature Review)
- अध्ययन विधि (Methodology)
- तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण (Data Presentation and Analysis )
- निष्कर्ष तथा सुझावहरू (Findings and Reference)
- सन्दर्भ सामग्री (Referance)

**(ग) लेख/रचना उपलब्ध गराउँदा पालना गर्नुपर्ने सर्तहरू**
- लेख तथा रचनामा लेखक वा सहलेखक भए सहलेखक समेतको नाम ठेगाना, मोबाइल नं., इमेल र कुनै संस्थामा आबद्ध भए उक्त संस्थाको नाम समेत खुलाउनुपर्नेछ।
- लेख/रचना नेपाली भाषामा भए युनिकोड १२ फन्ट साइजमा र Times New Roman मा भए १२ साइजमा हुनुपर्नेछ।
- अन्यत्र प्रकाशन भइसकेको लेख/रचनालाई मान्यता दिइनेछैन।

**सम्पर्क फोन नं. ९८४१६६९७७६, ९८४१५०३१८४**

## विपद् व्यवस्थापनका लागि जानकारी तथा कार्यान्वयन सम्बन्धमा।

**श्री स्थानीय तह**
**सबै।**

प्रस्तुत विषयमा यस शिक्षा तथा मानव स्रोत विकास केन्द्र अन्तर्गत रहेको नेपाल शिक्षा समूह (Nepal Education Cluster) का सदस्यहरू सँगको समन्वयमा हालै भइरहेको मनसुनको समयमा हुनसक्ने घटना, स्वास्थ्य समस्या, डेङ्गी, हैजा लगायतका रोगहरू, बालहिंसा र शैक्षिक क्रियाकलाप सम्बन्धी विभिन्न जनचेतनामूलक सामग्री (PSAs), सूचना तथा पोस्टरहरू विकास गरिएको छ। ती सामग्रीहरू, अन्य उपयोगी जानकारी र सम्पर्क व्यक्ति सम्बन्धी जानकारीयुक्त सामग्री नेपाल शिक्षा समूह (Nepal Education Cluster) को वेबसाइट https://sites.google.com/view/educationclusternepal/home बाट प्राप्त गरी आवश्यकतानुसार स्थानीय रेडियो, टेलिभिजनहरूबाट प्रसारण गर्न एवं विद्यालय तथा शैक्षिक क्षेत्रमा स्वास्थ्य सतर्कता अपनाउन सहजीकरण गर्नु/गराउनुहुनु अनुरोध छ। साथै विपद् जोखिम न्यूनीकरण गर्न विपद्को पूर्व तयारी र प्रतिकार्यका लागि जारी भएको "**विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा सञ्चालन) निर्देशिका २०८०**" बमोजिम स्थानीय तह अन्तर्गत शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरू सँगको समन्वयमा स्थानीय तह शिक्षा समूह गठन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्य गर्नुहुन निर्णयानुसार अनुरोध छ। उक्त निर्देशिका यस केन्द्रको वेबसाइटमा राखिएको छ।

## विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीको विवरण तथा बैङ्क खाता अद्यावधिक गर्ने सम्बन्धमा

**श्री स्थानीय तह,**
**सबै**

आ.व. २०८०/०८१ का लागि विपन्न लक्षित छात्रवृत्ति वितरण गर्न शैक्षिक सत्र २०७९ मा कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीका लागि तोकिएको समय सीमाभित्र Proxy Means Testing (PMT) फाराम भरी छात्रवृत्ति पाउन योग्य विद्यार्थीको नामावली सहितको विवरण केन्द्रको मिति २०८०/१२/१५ को पत्र अनुसार प्रकाशन भई वेबसाइट मार्फत प्रकाशन गरिएको व्यहोरा अवगत नै छ। उक्त विवरण अध्ययन गरी सम्बन्धित विद्यालय मार्फत छात्रवृत्ति पाउन योग्य विद्यार्थी नछुट्ने र नदोहोरिने गरी तथ्याङ्क तयार पारेर बैङ्क खाता खोली सोको विवरण अनलाइन EMIS मा समेत प्रविष्टि गर्न पत्राचार भएकामा केही विद्यालयको विवरणमा पूर्णता देखिएको छैन। यसका लागि यकिन तथ्याङ्क बिना विद्यार्थी छात्रवृत्ति पाउने अवसरबाट वञ्चित हुन सक्ने भएकाले आफ्नो स्थानीय तह अन्तर्गतका विद्यालय तथा छात्रवृत्ति पाउन योग्य विद्यार्थीको विवरण रुजु गरी विद्यार्थीको बैङ्क खाता सहितको विवरण २०८१/०४/२५ गतेभित्र EMIS मा अद्यावधिक गर्न/गराउनुहुन अनुरोध छ।

**थप जानकारीका लागि इमेलः inclusivedoe@gmail.com, फोन न ०१६६७३४६७**

## माध्यमिक शिक्षा परीक्षा (एसइई) को ग्रेड वृद्धि परीक्षामा सहभागी हुने विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अत्यन्त जरुरी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ५६३ मिति २०८१।०३।१४ को पत्रबाट उल्लेख भई आए बमोजिम २०८१ साउन महिनामा हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) को ग्रेड वृद्धि (पूरक) परीक्षामा गत २०८० चैतमा सञ्चालित परीक्षाको नतिजामा ग्रेड कायम नभएका सबै विषयमा विद्यार्थीहरू सहभागी हुने व्यवस्था मिलाइएकोले त्यस्ता विद्यार्थीहरू लक्षित शिक्षण सिकाइ सम्बन्धी देहाय अनुसारका कार्यहरू गर्नु/गराउनुहुन अनुरोध छ।

१) ग्रेड वृद्धि परीक्षामा सहभागी हुने सबै विद्यार्थीका लागि सबै विद्यालयले नियमित पठनपाठनसँगै परीक्षा लक्षित सहयोग, सहजीकरण र अतिरिक्त कक्षा सञ्चालन अनिवार्य रूपमा सञ्चालन गर्ने। यसरी सञ्चालन भएको कक्षाको जानकारी नियमित रूपमा स्थानीय तह र शिक्षा विकास तथा समन्वय एकाइमा गराउने।
२) शिक्षा विकास तथा समन्वय एकाइले जिल्लाभर सञ्चालित ग्रेड वृद्धि परीक्षा लक्षित कक्षाहरूको अनुगमन, सहजीकरण र केन्द्रमा नियमित जानकारीको व्यवस्था मिलाउने।
३) स्थानीय तहले यसरी विद्यालयबाट सञ्चालन हुने अतिरिक्त कक्षा सञ्चालनका लागि अनुगमन, समन्वय लगायतका कार्यहरूको प्रबन्ध मिलाउनहुन अनुरोध छ। साथै यस कार्यमा नेपाल शिक्षक महासंघ, प्याब्सन, एन प्याब्सन, शिक्षकका पेसागत/विषयगत संघ संस्था, शिक्षा क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, नागरिक समाज, अभिभावक, सञ्चारमाध्यम एवं सम्पूर्ण सरोकारवालाहरूलाई समन्वय एवं सहजीकरणका लागि समेत अनुरोध छ।
४) यस केन्द्रको nced virtual (**www.youtube.com/nced**) युट्युब च्यानलमा रहेका सामग्रीहरूको प्रयोग गर्न विद्यार्थी एवं अभिभावकहरूलाई प्रोत्साहित गर्नुहुन समेत अनुरोध छ। साथै नेपाल टेलिभिजन एवं रेडियो नेपाल सँगको सहकार्यमा यस केन्द्रबाट सञ्चालन हुँदै आएका कार्यक्रमलाई तपसिल बमोजिम एसइईको ग्रेडवृद्धि परीक्षाका सहभागी केन्द्रित गरी देहाय बमोजिम प्रसारण हुने भएकोले यी कार्यक्रमहरू हेर्न/सुन्न र त्यसबाट अधिकतम फाइदा लिन सम्बन्धित सबै विद्यार्थीलाई जानकारी गराउनुहुन समेत अनुरोध छ।

| नेपाल टेलिभिजन | | | | रेडियो नेपाल | |
|---|---|---|---|---|---|
| बिहान | | साँझ | | साँझ | |
| ६:०० | अङ्ग्रेजी | ४:३० | सामाजिक | ५:१५ | गणित |
| ६:४० | गणित | ५:१० | विज्ञान | ५:३० | सामाजिक |
| ७:२० | विज्ञान | ५:५० | गणित | ८:२५ | विज्ञान |
| ७:५५ | सामाजिक | ६:२५ | अङ्ग्रेजी | ८:४० | अङ्ग्रेजी |
| प्रसारण समय : २०८१ असार १७ गते सोमबारदेखि ग्रेडवृद्धि परीक्षा सुरुवात हुने अघिल्लो दिनसम्म | | | | | |

## भौतिक तथा वित्तीय प्रगति, कार्यक्रमहरूको उपलब्धि तथा नतिजा समेटिएको शैक्षिक स्थिति प्रतिवेदन तयार गरी पठाउनुहुन

**श्री शिक्षा विकास तथा समन्वय एकाइ सबै।**
**श्री स्थानीय तह सबै।**

प्रस्तुत विषयमा सङ्घीय सःसर्त अनुदान अन्तर्गत आव २०८०।८१ मा बजेट उपशीर्षक न. ३५००१८०१ विद्यालय शिक्षा क्षेत्र योजना, बउशीनं ३५०००१४ सबैका लागि शिक्षा आधारभूत तह र बउशीनं ३५०००१५ माध्यमिक तह अन्तर्गत विभिन्न कार्यक्रम तथा बजेट रहेको व्यहोरा अवगतै छ। सो अन्तर्गतका आव ०८०।८१ मा भएका क्रियाकलापहरूको भौतिक तथा वित्तीय प्रगति, कार्यक्रमहरूको उपलब्धि तथा नतिजा समेटिएको शैक्षिक स्थिति प्रतिवेदन तयार गरी इमेल मार्फत वा हार्डकपी साउन १५ गतेभित्र उपलब्ध गराइदिनुहुन अनुरोध छ। साथै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको वेबसाइट https://monitoring.moest.gov.np/monitoring मा राष्ट्रिय योजना आयोगको ढाँचामा भएको फाराममा अनिवार्य रूपमा ७ दिनभित्र भर्नुहुन समेत अनुरोध छ ।

## विपद् सम्बन्धी विवरण IEMIS मा अद्यावधिक गर्ने सम्बन्धमा।

**श्री स्थानीय तह**
**सबै।**

उपरोक्त विषयमा यस शिक्षा तथा मानव स्रोत विकास केन्द्र अन्तर्गत रहेको नेपाल शिक्षा समूह (Nepal Education Cluster) का सदस्यहरू सँगको समन्वयमा विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्षेत्रमा सहकार्य भइरहेको अवगतै छ। सोही बमोजिम हाल भइरहेको मनसुन तथा भविष्यमा आइपर्ने अन्य कुनै पनि विपद् जोखिम न्यूनीकरण, बालबालिकाको शैक्षिक निरन्तरता तथा शिक्षा क्षेत्रमा विपद्ले पारेको प्रभाव सम्बन्धी विवरण अद्यावधिक/प्रतिकार्य गर्नका लागि यस केन्द्रको शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा रहेको विपद्मा शिक्षा (EIE) Button मा विपद्का कारण विद्यालयमा भएको क्षति सम्बन्धी सूचना तथा जानकारी स्थानीय तह अन्तर्गतका विद्यालयहरूबाट अद्यावधिक गर्न पत्राचार तथा सहजीकरण गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।